लोक सेवा आयोग

**नेपाल बैंक लिमिटेड, प्रशासन, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा**

२०८३।०३।२४

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

**विषय : अर्थशास्त्र, मानव सोत, बैंक व्यवस्थापन र नेपाल बैंक सम्बन्धी**

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड 'क'** ५० अंक

१. कुल गार्हस्थ्य बचत र राष्ट्रिय बचतबीचको भिन्नता छुट्ट्याउनुहोस् । साथै, नेपालको कुल गार्हस्थ्य उत्पादनमा कुल गार्हस्थ्य बचतको हिस्सा न्यून रहेको सन्दर्भमा बचतदर न्यून रहनुका कारणहरू पहिचान गर्नुहोस् । २+३=५

(Distinguish between gross domestic and gross national savings. Also, in the context of lower share of gross domestic saving to gross domestic product of Nepal, identify the major reasons for such a low saving rate.)

२. वित्त घाटा भनेको के हो? सरकारले यस्तो घाटा पूर्ति गर्न जारी गर्ने उपकरणहरू के के हुन्? यस्ता उपकरणहरुको अल्पकालीन र दीर्घकालीन बजार ब्याजदरलाई कसरी प्रभाव पार्दछन्? छोटकरीमा लेख्नुहोस् । २+२+२=५

(What is fiscal deficit? What kinds of instruments does government use to address the fiscal deficit? How do these instruments influence short and long term interest rates? Write in short.)

३. नेपालमा मुद्रास्फीतिलाई सरकारी वित्तोपत्र र वित्तीय वित्तोपत्रमा कसरी जोड्न सकिन्छ? र, तिनीहरुको मुद्रा आपूर्ति तथा मूल्यमा कसरी प्रभाव पार्दछन्? उदाहरण दिइहोस् । २+३=५

(How is inflation dynamic in Nepal linked with government and financial securities? And, through what channels do they influence money supply and price level in Nepali economy? Give example.)

४. बैंक मार्केटिङ भनेको के हो? आधुनिक बैंकिङ उत्पादन तथा सेवाको विकास र प्रवर्धनमा यसको महत्व दर्शाउनुहोस् । २+३=५

(What is bank marketing? Highlight its importance in the development and promotion of modern banking products and services.)

५. कार्य विश्लेषण भनेको के हो? कार्य विश्लेषणका प्रमुख तत्वहरू वर्णन गर्नुहोस् । २+३=५

(What is job analysis? Describe the main elements of job analysis.)

६. कर्मचारी कार्यसम्पादन मूल्याङ्कनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ? स्पष्ट गर्नुहोस् । ५

(How can employee performance appraisal be made effective? Clarify.)

७. बैंकले अवलम्बन गर्न लगानी र असुलीका रणनीतिहरू के के हुन् सकछन्? व्याख्या गर्नु ५+५=१०

(What could be the major strategies used in lending and recovery of the bank? Explain.)

८. बैंकिङ क्षेत्रमा तालिम तथा विकासको के महत्व छ? यसले कर्मचारीको कार्यसम्पादन, सेवा गुणस्तर, सञ्चालन दक्षता तथा बैंकको समग्र संस्थागत प्रभावकारितामा पर्ने प्रभावको व्याख्या गर्नुहोस् । ५+५=१०

(What is the importance of training and development in banking sector? Explain its impact on employee performance, service quality, operational efficiency and overall organizational effectiveness in banks.)

**खण्ड 'ख'** **४० अंक**

९. बैंकिङ कारोबारको सन्दर्भमा चेक भनेको के हो? बैंक कर्मचारीले चेकबाट रकम भुक्तानी गर्दा कुन कुन विषयमा ध्यान दिनुपर्दछ? संक्षेपमा लेख्नुहोस् । २+३=५
(What is cheque in the context of banking transactions? What should the bank employee pay attention to while paying the amount by cheque? Write in brief.)

१०. जाली नोट पहिचान गर्न प्रयोग गरिने विधिको वर्णन गर्नुहोस् । साथै, नगद प्रयोग गर्दा अपनाइने प्रमुख सुरक्षा उपायहरू बताउनुहोस् । ३+२=५
(Describe the methods used to detect counterfeit notes. Also, mention the key security measures applied in cash handling.)

११. डिजिटल फाइलिङ प्रणाली भनेको के हो? आधुनिक बैंकिङ प्रणालीमा यसको महत्व सष्ट पार्नुहोस् । २+३=५
(What is digital filing system? Clarify its importance in modern banking system.)

१२. भुक्तानी प्रणाली भनेको के हो? भुक्तानी प्रणालीमा प्रयोग हुने मुख्य उपकरणहरू उल्लेख गर्दै तिनको महत्व दर्शाउनुहोस् । १+२+२=५
(What is payment system? Explain major instruments used in payment system and highlight the importance of these instruments in payment system.)

१३. सेवा प्रवाहमा कार्यालय सजावटको महत्व वर्णन गर्नुहोस् । बैंकिङ क्षेत्रमा यसले ग्राहकलाई टिकाइराख्न कसरी सघाउ पुऱ्याउँछ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् । २+३=५
(Describe the importance of office layout in service delivery. How does it help to retain the customers in banking sector? Present your opinion.)

१४. प्रमुख वित्तीय परिसूचकहरूको आधारमा नेपाल बैंक लिमिटेडको वर्तमान वित्तीय अवस्था चित्रण गर्नुहोस् । ५
(Illustrate the current financial status of Nepal Bank Limited on the basis of major financial indicators.)

१५. बासेल-III को परिचय दिँदै बैंकिङ क्षेत्रमा यसको महत्व वर्णन गर्नुहोस् । बासेल-III बैंकिङ जोखिम व्यवस्थापनसँग विशेष गरी क्रेडिट जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, पूँजी पर्याप्तता तथा वित्तीय स्थिरता व्यवस्थापनसँग कसरी सम्बन्धित छ? व्याख्या गर्नुहोस् । ४+६=१०
(Introduce Basel-III and explain its importance in the banking sector. How is Basel-III related to risk management in banks, particularly in managing credit risk, market risk, operational risk, capital adequacy and financial stability? Explain.)

१६. नेपाल बैंक लिमिटेडको छोटो परिचय दिनुहोस् । साथै, वर्तमान अवस्थामा नेपाल बैंक लिमिटेडका सबल तथा दुर्बल पक्षमाथि प्रकाश पार्नुहोस् । २+४+४=१०
(Briefly introduce Nepal Bank Limited. Also, highlight the strengths and weaknesses of Nepal Bank Limited in the current situation.)

:: **समाप्त** ::